बैठक नं. ४

आ.व. २०८२/०८३

आज मिति २०८२/६/२ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

चौंथो कार्यपालिका बैठक

आ.व.२०८२/०८३

मितिः२०८२/६/२
समयः विहान २:०० बजे
स्थानः नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्वन्धमा।
२. शान्ति सुरक्षाको प्रत्याभुती एवम् कानुनी कारवाही सम्बन्धमा।
३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ स्वीकृति सम्बन्धमा।
४. मध्यविन्दु नगरस्तरीय गणित विज्ञान प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा।
५. पूर्व निमित्त भवनको अभिलेखिकरण तथा नियमित गर्ने सम्बन्धमा।
६. वडागत कार्यक्रम खर्च कार्यान्वयन मापदण्ड, २०८२ स्वीकृति सम्बन्धमा।
७. संविधान दिवस सम्बन्धमा।
८. हार्दिक श्रद्धाञ्जली तथा समवेदना सम्बन्धमा।

निर्णयहरुः

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समिक्षा गरियो।
२. मिति २०८२ भदौ २३ र २४ गते जेन जी (Gen Z) समूहद्वारा काठमाडौंसहित देशका विभिन्न स्थानहरूमा आयोजित प्रदर्शनमा विभिन्न अराजक स्वार्थ समूहबाट भएको घुसपैठका कारणबाट संघीय, प्रदेश तथा स्थानीय तहका भौतिक संरचनाहरू, सरकारी कार्यालयहरू, व्यापारिक प्रतिष्ठानहरू, निजी आवासहरू, सार्वजनिक सम्पत्ति तथा ऐतिहासिक दस्तावेजहरूमा भएको आगजनी तथा तोडफोडका घटनाले हामीलाई अत्यन्त मर्माहत बनाएको छ। यस जिल्लाका सरकारी संरचना तथा वर्तमान तथा पूर्व जनप्रतिनिधिहरूका साथै नगर प्रमुख र उपप्रमुखज्यूको निजी सम्पत्तिमा पुगेको अपूरणीय क्षतिप्रति गहिरो खेद प्रकट गर्दै, घटनामा संलग्न व्यक्तिहरूलाई यथासिघ्र कानुनी दायरामा ल्याई आवश्यक कारवाही गर्न सम्वन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँछौं। यस प्रकारको घटनाले जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा व्यवसायीहरूको मनोबल कमजोर

बनाएको छ, जसले आगामी दिनमा जनसेवा, विकास निर्माण तथा सेवा प्रवाहमा गम्भीर असर पार्ने देखिन्छ। आगामी दिनमा यस्ता कमजोरी दोहोरिन नदिन आवश्यक सुधारात्मक कदम चाल्न सम्बन्धित निकायको ध्यानाकृष्ट गराउने ।

३. समुदायको आवश्यकता अनुसार साक्षरता, सिप विकास, निरन्तर सिकाइलगायत सामुदायिक विकास कार्यक्रमहरूको पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय गर्नका लागि मध्यविन्दु नगरपालिकाभित्र स्थापना हुने र स्थापना भई सञ्चालन भइरहेका सामुदायिक सिकाइ केन्द्रको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने उद्देश्यले तयार गरिएको **सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२** मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

४. मध्यविन्दु नगरपालिकाद्वारा विद्यार्थीहरूमा गणित र विज्ञान विषयको सिकाइलाई थप प्रभावकारी बनाउन, प्रयोगात्मक कार्यलाई व्यवस्थित गरी गुणस्तरीय शैक्षिक संस्था शिक्षामा समन्यायिक पहुँच अभिवृद्धि गर्ने साथै विद्यार्थीहरूमा आविष्कारशील र आलोचनात्मक सोच विकास गर्ने दीर्घकालीन दूरदृष्टिका साथ स्थापना गरिएको नगरपालिकास्तरीय गणित विज्ञान प्रयोगशालाको सञ्चालन र व्यवस्थापनलाई व्यवस्थित गरी प्रयोगशालाको अधिकतम उपयोगिता सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको **मध्यविन्दु नगरस्तरीय गणित विज्ञान प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२** मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

५. मध्यविन्दु नगरपालिकाको पूर्व निर्मित भवनको नियमित तथा अभिलेखिकरण कार्यविधि, २०८१ अनुसार घरनक्शा पास सम्बन्धी प्रक्रियामा नआएका, अनुमति नलिई संरचनामा हेरफेर भएका तथा नगरपालिका स्थापना पश्चात निर्माण भएका भवनहरुको नियमित तथा अभिलेखिकरण कार्य दर्ता गर्नका लागि पौष मसान्त सम्मको म्याद दिइ सूचना प्रकाशन गर्ने।

६. नगरपालिका भित्रका वडा कार्यालयहरुको कार्यालय व्यवस्थापन, प्रभावकारी सेवा प्रवाह तथा विकासका गतिविधिहरु सृजनात्मक र प्रतिस्पर्धि बनाउदै आर्थिक अनुशासन कायम गर्ने उद्देश्यले तयार गरिएको वडागत कार्यक्रम खर्च कार्यान्वयन मापदण्ड, २०८२ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

७. संविधान दिवस तथा राष्ट्रिय दिवस २०८२ को अवसरमा मिति २०८२/६/३ गते नगर कार्यपालिकाको कार्यालयमा जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, शिक्षक, कर्मचारी, नगरवासी र सुरक्षाकर्मीहरुको उपस्थितिमा नगरस्तरीय कार्यक्रमको रूपमा दिप प्रज्वलन सहित साँझ ५ बजे भव्य रुपमा मनाउने।

८. मिति २०८२ भदौ २३ र २४ गते जेन जी (Gen Z) समूहद्वारा काठमाडौंसहित देशका विभिन्न स्थानहरूमा आयोजित प्रदर्शनमा विभिन्न अराजक स्वार्थ समूहबाट भएको घुसपैठका कारणबाट भएको मानवीय क्षति एवम् सार्वजनिक र निजी सम्पत्तिमा भएको विध्वंसले हामीलाई स्तब्ध र पीडाबोध भएको छ। आन्दोलनका क्रममा अमूल्य जीवन गुमाउनुहुने नागरिकहरू तथा कर्तव्य निर्वाहको क्रममा ज्यान गुमाउनुहुने राष्ट्रसेवक प्रहरीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै घटनामा घाइते सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | सुमनराज रेग्मी | ब.लेखा अधिकृत | |
| ३ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ४ | माधव प्रसाद देवकोटा | ईन्जिनियर | |
| ५ | विवेक पोखरेल | ईन्जिनियर | |
| ६ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| ७ | जयसोर भुसाल | सि.अ.हे.व. छैठौं | |
| ८ | प्रेम वहादुर सारु | बरिष्ठ प्रशासन सहायक | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |